# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जगन्नाथ गाउँपालिका
## बाजुरा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जगन्नाथ गाउँपालिका

## बाजुरा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

जगन्नाथ गाउँपालिका

बाजुरा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ९९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
जगन्नाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बाजुरा ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ३३ लाख ६२ हजार बेरुजू देखिएको छ सो सम्बन्धमा रु. २ लाख ७० हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१२ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५२ लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ६६ लाख २२ हजार समेत गरी यस वर्ष रु. १ करोड ३० लाख ९२ हजार बेरुजू कायम रहेको छ। जगन्नाथ गाउँपालिकाको गतवर्ष सम्म रु. १७ करोड १८ लाख ८५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ५८ लाख ६७ हजार रहेको छ । **जगन्नाथ गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने जगन्नाथ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी जगन्नाथ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

जगन्नाथ गाउँपालिका,

बाजुरा जिल्ला।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | ४९ | १३३६२ | ० | २८ | २७० | ४३ | २१ | १३०९२ | १२६३ | ६६२२ | ५२०७ | ० | ० | ११८२९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाजुरा | १७१८८५ | ० | ९११० | १६२७७५ | ० | १३०९२ | १७५८६७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २१ | पदाधिकारीलाइ पोशाक खर्च | २७०००० |
| | चालु वर्षको जम्मा | | | २७०००० |
| | गत विगत वर्षतर्फको | | | |
| २ | २०७८।७९ | विभिन्न दफा | नाम्स अनुसूचीबाट | ८८६५८०६ |
| ३ | २०७६/७७ | २९ | कोटेशन भई सोझै खरिद गरेको | २४४१७६ |
| | गत विगतको जम्मा | | | ९१०९९८२ |
| | कुल जम्मा | | | ९३७९९८२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकि, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्येश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्येश्य रहेको छ। यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १७१.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा १०२०५ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२७ देखि २०८०।५।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय र व्ययतर्फ रु. ८० करोड ४७ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा वापत रु ८१,४२८।९ विभिन्न वढि भत्ता भुक्तानि लगायत जम्मा रु ३,८०,४७८।९६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

२ **प्रासि र भुक्तानि खाता**

| प्रासी भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | खर्च | खर्च |
| प्रासी (क+ख) | | ३२,०६,२९,५५७.९२ | २९,२४,३०,४५८.६६ | ३२,२५,०९,९१९.८१ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ३१,८०,७०,९६८.४० | २८,२४,९६,३३७.१४ | २८,०४,०६,१३६.५९ |
| ११००० कर | ११ | ६,८५,८१,०००.०० | ५,९४,२३,१४९.३३ | ५,१८,६७,५५०.९३ |
| १३००० अनुदान | | २४,३५,७२,९७८.०० | २२,१७,३७,४८६.२० | २२,६७,०२,१९९.५६ |
| संघीय सरकार | १२ | २३,४२,१८,९७८.०० | २१,२५,२८,८२८.२० | २१,६०,६८,०१६.४८ |
| प्रदेश सरकार | १२ | ९३,५४,०००.०० | ९२,०८,६५८.०० | १,०६,३४,१८३.०८ |
| १४००० अन्य राजस्व | | ९,५०,०००.०० | १३,३५,७०१.६१ | १८,३६,३८६.१० |
| ३२००० वित्तीय सम्पत्ति | | ४९,६६,९९०.४० | ० | ० |
| ख. अन्य प्रासि | | २५,५८,५८९.५२ | ९९,३४,१२१.५२ | ४,२१,०३,७८३.२२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | २५,५८,५८९.५२ | २४,५३,२९२.५२ | ३,९२,४२,१२९.६७ |
| धरौटी | | ० | ७४,८०,८२९.०० | २८,६१,६५३.५५ |

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ३२,०५,७०,५५७.९२ | २७,८३,९०,४५४.६७ | ३३,८६,९३,०३५.६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३१,८०,११,९६८.४० | २७,३५,७७,४१७.९२ | २८,८४,९७,६९४.१९ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | ६,८६,४५,७१०.०० | ६,१३,६३,८७६.९२ | ७,७४,५१,६३२.७४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,९०,०९,२८०.४० | ८,६५,५०,१७२.०० | ७,१५,३९,७४८.१० |
| २३००० स्थिर सम्पत्तिको उपभोग खर्च | १८ | ३,५०,०००.०० | ३,५०,०००.०० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २३,७५,०००.०० | १४,८९,४३८.०० | २३,७१,८९९.२८ |
| २८००० अन्य खर्च | १८ | १०,००,०००.०० | ९,१४,६५०.०० | २,१६,८००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती/ पूँजीगत खर्च | १८ | १४,६६,३१,९७८.०० | १२,२९,०९,२८१.०० | १३,६९,१७,६१४.०७ |
| घ. अन्य भूक्तानी | | २५,५८,५८९.५२ | ४८,१३,०३६.७५ | ३३,८६,९३,०३५.६२ |
| कोषहरु | | २५,५८,५८९.५२ | १९,९९,६१८.०० | ३,९३,४७,१२७.६९ |
| धरौटी | | ० | २८,१३,४१८.७५ | १,०८,४८,२१३.७४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | ५९,०००.०० | १,४०,४०,००३.९९ | (१,६१,८३,११५.८१) |

| | | | | |
|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९४,९०,२८८.४४ | २,५७,५९,८५८.२३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ५९,०००.०० | २,३५,३०,२९२.४३ | ९५,७६,७४२.४२ |
| | | | | |
| बैंक तथा नगद बाकी | २४ | | २,३५,३०,२९२.४३ | ९५,५४,४९९.४३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **रसिद नियन्त्रण खाता** - पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म. ले. प. फा. नं. ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली, यस वर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ। कतिपय नगदी रसिदको पाना च्यातिएको पाइयो। वडा नं. २ को नगदि रसिद नं. १९७३,१९७९ र १९९० मा रातो रसिद च्यातिएको र सेतो रसिदमा रकम उल्लेख नभएको पाइयो। यसरी रसिदको रातो पाना च्यातिनु र सेतो पानामा रकम उल्लेख नहुनु आदि कारणबाट वडा नं २ को आन्तरिक राजश्व प्राप्त रकम यकिन गर्न सकिएन।

४ **राजश्वको अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्वको अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिका र वडा कार्यालयमा प्रयोग भएका ठेलीहरु के कति छपाइ एंव प्रयोग भए सो को पुरा अभिलेख पालिकामा आएको देखिएन।अघिल्लो आ व को बाँकी रसिद ठेलीहरु के कति प्रयोग भएका यकिन गर्न सकिएन।कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण र राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ।पालिकाको निम्नानुसार वडाले ठेली बुझीलिएकोमा उक्त ठेली लेखापरीक्षणको क्रममा पेश भएको छैन। अत प्रयोग भएको ठेलीबाट असुल भएको राजश्व रकम एकीन गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

| वडा | नगदि ठेली | मालपोत ठेली | कैफियत |
|---|---|---|---|
| १ | | ७०१-८०० | लेखापरीक्षणको क्रममा पेश नभएको |

| | | | |
|---|---|---|---|
| २ | | १३०१- ४००, ३०१-४००, १७०१-१८००, २३०१-२४०० | लेखापरीक्षणको क्रममा पेश नभएको |
| ३ | २१०१-२२०० | ९०१-१०००, २५०१-२६००, ४५०१-४६०० | लेखापरीक्षणको क्रममा पेश नभएको |
| ४ | ८४०१-८४५० | ३५०१-३६००, १०१-२००, २७०१-२८०० | लेखापरीक्षणको क्रममा पेश नभएको |
| ५ | ७०५१- ७१००, ८१०१-८२०० | १६०१- १७०० | लेखापरीक्षणको क्रममा पेश नभएको |
| ६ | ५१५१- ५२०० | | लेखापरीक्षणको क्रममा पेश नभएको |
| प्रशासन तर्फ | ४५१- ५०० | | लेखापरीक्षणको क्रममा पेश नभएको |

५ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | ९१६ |
| मृत्युदर्ता | ५६ |
| बसाईसराई दर्ता | २३ |
| विवाह दर्ता | ७२ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| प'र्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |

| | |
|---|---|
| ग्राभेल सडक निर्माण | ३ किमि ६५० मि |
| ग्राभेल सडक मर्मत | ५२ कि मि |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

६ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ६ दरबन्दी भएकोमा सवै पद रिक्त भएको देखियो। सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका पदमा पदपुर्ति नभई रिक्त रहेको र उक्त पदमा अन्य सेवाका कर्मचारीलाई जिम्मेवारी दिई कार्य संचालन गरेको देखियो। पालिकाले वडा सचिवको पदपूर्ति गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ।

७ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

८ **बजेट सिमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **बजेट पेश,पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश

गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु ३१ करोड ८० लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

११ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ६० | ५ | ० | ० | ५५ |

उल्लेखित विवरण अनुसार कूल ६० कार्यक्रम मध्ये ५ कार्यक्रम शुन्य प्रतिशत सम्म,५५ वटा ७५ प्रतिशत सम्म प्रगति लगायत अधिकाश कार्यक्रमको प्रगति न्यून रहेकोले आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रमको छनौट गरी शतप्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१२ **क्षेत्रगत वजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,३६,२६,८१४।० | १,८९,९८,६४०।० | ६.९२ |
| २ | पूर्वाधार विकास | ७३४५०८७८।० | ६५५२७५७५।० | २३.८७ |
| ३ | सामाजिक विकास | ११३७८५२८६।० | ९७६९३३८१।२० | ३५.५८ |
| ४ | वातावरण तथा विकास | १०४७०००।०० | ९२६२००।०० | ०.३३७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७२०००००।०० | १६९०८९३६।०० | ६.१६ |

| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९९४८९९०।४० | ७४४४८८८५।७२ | २७.१२ |
|---|---|---|---|---|
| जम्मा | | ३१९०,५८,९६८।४० | २७४५०३६१७।०० | १०० |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३५.५८ प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विकासमा ०.३३७ प्रतिशत प्रतिशत खर्च भएको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१३ **त्रैमासिक पूँजिगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | १२२९०८ | ७६२० | ३५३२९।०० | ७९९५९ | ४५४३७ |
| प्रतिशत | | ६.२ | २८.७४ | ६५.०५ | ३६.९७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १२,२९,०८,००० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ७६,२०,००० (६.२० प्रतिशत), दोस्रो त्रैमासिकमा रु ३५३२९००० (२८.७४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु ७,९९,५९,००० (६५.०५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु ४,५४,३७,००० (३६.९७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

१४ **विविध तर्फ** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. १७,४१,४४९।०० खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

१५ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु ६,३३,००० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु

२२,०४,८६०।४७ को २८.७१ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१६ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानून एंव कार्यविधि निर्माण गरे तापनि सो को प्रभावकारी कार्यान्वयन गरेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• कर्मचारीले एक पटक लिएको पेश्कि फर्छ्यौट नगरेको अवस्थामा पुन पेश्कि दिने गरेको देखियो ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्त विक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• स्थानिय तह संचालन ऐन,२०७४ को दफा ६५,६६ र ६७ क्रमश स्थानिय राजश्व परामर्श समिति स्रोत अनुमान र वजेट सीमा निर्धारण समिति र वजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाइएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, १ वटा कार्यविधि, लगायत १८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

१८ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको ८ गरी जम्मा ८ वटा उजुरी परेको देखिन्छ ।सो मध्ये ६ वटा फछ्यौट भइ १ वटा बाँकी देखिन्छ र १ वटा उजुरी फिर्ता भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१९ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गरेको छैन।

२० **वित्तिय विवरणको परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।

पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२०.१ **वित्तिय विवरणको यर्थार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ४,९२,१९,३६४।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ६,७७,५१,९७१।०० गरी रु ११,६९,७१,३३५।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२०.२ **फरक जिम्मेवारी** पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाव एकिन गर्नुपर्दछ। पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात रु ८९१०६७३।३४ यस वर्ष जिम्मेवारी सार्नु पर्नेमा पालिकाले यस वर्ष रु ९४९०२८८।४४ वढी जिम्मेवारी सारेको छ। वढी जिम्मेवारी सारेको रु ५७९६१५।१० हिसाव मिलान हुनुपर्दछ ।

२०.३ **फरम हिसाव -** म ले प फा न २७२ अनुसार श्रेस्ता अनुसार रु २३५३०२९२।४३ रहेकोमा वैंकमा रु २३६६६९८२।४३ रहेको छ । श्रेस्ता भन्दा वैंकमा रु १३६६९०।०० वढी देखिन्छ ।वैक वढी देखिएको हिसाव मिलान हुनुपदर्छ ।

२१ **पदाधिकारीलाइ पोशाक खर्च -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर पदाधिकारीलाई पोशाक भत्ता असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२३ को निर्णयबाट रु. २,७०,००० सम्परीक्षण गरिएको ।)*

२२ **पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट यस वर्षको पदाधिकारीको सुविधामा निम्नानुसारको रु ५७९७५००।०० खर्च भएको छ।

| सि.नं | विवरण वार्षिक खर्च लेख्ने | प्रमुख/ | उपप्रमुख/ | वडाअध्यक्ष. ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य.२० | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | | | जना | |
| १ | बैठक भत्ता | | | | | ० | १०७७०००।० |
| २ | यातायात खर्च | १२००००।० | १०८०००। | १४२०००।० | ० | ० | ३७००००।० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टेलिफोन, मोबाइल | ७२०००।० | ६००००।० | २५२०००।० | २१६०००।० | ४६४०००।० | १०६४०००।० |
| ४ | पुस्तक, पत्रीका, | ६००००।० | ५४०००।० | २८८०००।० | २१६०००।० | ४६४०००।० | १०८४०००।० |
| | ईन्टरनेट | | | | | | |
| ५ | समन्वय तथा सहजीकरण | १०८०००।० | ८४०००।० | ४३२०००।० | ३६००००।० | ६९६०००।० | १६८००००।० |
| ६ | अतिथि सत्कार | १२००००।० | १०८०००।० | ५०४०००।० | | | ७३२०००।० |
| ७ | खानेपानी/बिजुली/ | ४२०००।० | ३६०००।० | १४४०००।० | १४४०००।० | २३२०००।० | ५९८०००।० |
| | सरसफाई | | | | | | |
| ८ | चाडपर्व खर्च | २५०००।० | २२५००।० | ९६०००।० | ५४०००। | १३३०००।० | ३३०५००।० |
| | जम्मा | | | | | | ५७९७५००।० |

२३ **प्रशिक्षक भत्ता वढी भुक्तानि -**
*(मिति २०८०-१२-२३ मा सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)*

२४ **कामको मुल्यांकन -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानि दिनु पर्दछ। पालिकाले देहाय अनुसार कामको लागि रु ६८१२३६। भुक्तानि दिएको छ ।भुक्तानि भय बराबर कामको मुल्यांकन हुनु पर्नेमा काम भएको मुल्यांकन छैन। कामको मुल्यांकन प्रमाण पेश हुनु पर्दछ ।

| भौ न मिति | भुक्तानि पाउने | वापत | रकम |
|---|---|---|---|
| १५८।२०७९।१२।६ | जुङ्डीखोला जल बिद्दयुत आयोजना | मर्मत संभार | २८००००। |
| १६७।२०७९।१२।२७ | झुका खोला लघु जलबिद्दुत सहकारी संस्था | मर्मत संभार | ४०१२३६। |
| | | जम्मा | ६८१२३६। |
| | | | |
| | | प्रमाण पेश नगरेको | ६,८१,२३६ |

२५ **कर समायोजन प्रमाण पत्र -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्र म रोजगार कार्यक्रको सामान ढुवानि गर्ने ॐ ट्रेडर्स एण्ड अर्डर सप्लायर्स (६१२६२००७२) लाई अन्तिम बिल भुक्तानि वापत मु अ कर सहित रु १०५०५६३। भुक्तानि दिएको छ।उक्त भुक्तानिको ५३।२०८०।३।३ बिल टिपेक्स लगाई सच्चाएको। टिपेक्स लगाई सच्चाएको बिल रित पुर्बक छैन ।कार्यालयले ३० प्रतिशत मु अ कर कट्टी गरि बाकि भएको मु अ कर रु ८४६०२। को कर समायोजन प्रमाण पत्र पेश हुनु पर्दछ रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,६०२ |

२६ **कार्य सम्पन्न प्रतिबेदन** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमको बैदिक सनातन गुरुकुल बिद्यापिठलाई रु ३८८५००० भुक्तानि भएको छ। उक्त बिद्यालय सम्पन्न गर्नका रु ५९७१९०० को लागत अनुमानमा उ स ले रु ४७१९०० र सरकारको तर्फबाट रु ५५००००० ब्यहोर्ने गरी संझौता भएको छ। असार मसान्तसम्म रु ४२१९०८५। को मात्र काम भएको छ। संझौता अनुसार काम सम्पन्न भएको छैन। झ्याल ढोका र प्लास्टरको काम बाँकि रहेको उल्लेख छ। बिद्यालय भवन निर्माणको कार्यसम्पन्न प्रतिबेदन पेश हुनु पर्दछ।

२७ **कोटेसनबाट काम गरायको** - पालिकाले यो बर्ष ठेक्का लगाई सकेका देहाय अनुसारको काम थप काम कोटेसनबाट गराई भुक्तानि दिएको छ। उक्त काम ठेक्कामा समाबेश गराउनु पर्नेमा ठेक्कामा समाबेस नगराई कोटेसन मार्फत काम गराएको छ ।कोटेसन मार्फत काम गराउदा निर्माण कार्य प्रतिस्पर्धि र मितब्ययि भयो भन्न सकिएन रु

| भौ न मिति | काम | निर्माण ब्याबसायि | रकम |
|---|---|---|---|
| ५०।२०८०।३।५ | कोल्ड स्टोर घेराबार | मिलिजुलि निर्माण सेवा | ९५२७८९। |
| ८८।२०८०।३।२४ | कोल्ड स्टोर ट्वाईलेट निर्माण | प्रशंसा निर्माण सेवा | ९५३६७९। |
| ७१।२०८०।३।२१ | घटाल मस्टामा वाल निर्माण | सस्कार निर्माण सेवा | ९५४२३७। |
| ७२।२०८०।३।१९ | घटाल मस्टामा थप निर्माण कार्य | एम बि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९५३१५९। |
| | | जम्मा | ३८१३८६४। |

| | |
|---|---|
| अनियमित भएको | ३८,१३,८६४ |

२८ **बढि भुक्तानि** - बोलपत्रको माध्यमबाट घटाल मस्टा बिद्यालय भवन निर्माण कार्य गर्ने एम बि कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई बिद्यालय भवनको थप कार्य गर्न भनि कोटेसनबाट कार्य गराई रु ९५३१५९। भुक्तानि दिएको छ।कोटेसनबाट कार्य गराउदा निर्माण ब्याबसायिले पहिले ठेक्कामा काम गर्दा कबोल गरे भन्दा बढि भुक्तानि

दिएको छ ।त्यहि स्थानमा उहि कम्पनिले काम गरेकोमा ठेक्कामा कबोल गरेको भन्दा बढि दरमा कोटेसनमा काम गराई भुक्तानि दिएको रकम असुल हुनु पर्दछ रु

| काम | परिमाण | कोटेसनको दर | ठेक्का दर | बढि दर | बढि भुक्तानि मु अ कर सहित |
|---|---|---|---|---|---|
| माटो खन्ने काम | ४०।३२ घ मि | ७५५ | ७० | ६८५ | ३२७५८। |
| ढुङ्गा बिच्छाउने काम | ३।७८१।३।६। घ मि | ३१६६ | २५०० | ६६६ | २८४५। |
| पि सि सि १।३।६। घ मि | २।५२१।३।६। घ मि | १८३६७ | ८५०० | ९८६७ | २८०९७। |
| ढुङ्गाको गाह्रोको काम | २४।२७१।३।६। घ मि | ५१९८ | ३००० | २१९८ | ६०२८०। |
| 20 mm ¾ plaster 1:4 sqm | १२३।६२ | ७७४ | ३०० | ४७४ | ६६१२३। |
| आ सि सि १।२।४ | ११।६९ | २५९३६ | १०००० | १५९३६ | २१०५०९। |
| छड | ९१७ के जि | १७९ | १२० | ५९ | ६११३६। |
| | | | | जम्मा | ४६१७५८। |
| | | | | असुल गर्नुपर्ने | ४,६१,७५८ |

२९ **गत बर्षको भुक्तानि** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम अनुसार गत बर्षको भुक्तानि दिदा भुक्तानि दिन बाकिको कच्चावारि तयार गरि सो को भुक्तानि दिन बाकि प्रमाणित गरि भुक्तानि दिनु पर्दछ।पालिकाले यस आर्थिक बर्षमा भुक्तानि दिन बाकि भनि देहाय अनुसार भुक्तानि दिएको छ ।भुक्तानि दिदा गत बर्षको भुक्तानि दिदा भुक्तानि दिन बाकिको कच्चावारि संलग्न नभएको रु

| भौ न मिति | भुक्तानि पाउने | भुक्तानि रकम | कैफियत |
|---|---|---|---|
| १।२०७९।६।४ | खड्का पुर्णा जे भि | १३५०८७२। | गत आ ब को दोश्रो रनिङ्ग बिलको बाकि |
| २०।२०८०।३।२२ | खड्का पुर्णा जे भि | १३७५८११। | गत आ ब को प्रथम रनिङ्ग बिलको बाकि |
| | जम्मा रु | २७२६६८३। | |
| | | अनियमित भएको | २७,२६,६८३ |

३० **सम्भाब्यता अध्ययनको रिपोर्ट -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानि दिनु पर्दछ ।पालिकाले रारा कैलास टुर्स एण्ड ट्रेल प्रा लि लाई पिलिचौ देखि बुड्डी सम्मको कर्णालि नदिमा जल पर्यटन सम्भाब्यता अध्ययनको लागि पुजिगत शिर्षकबाट बाट रु ४,९९,९९९ भुक्तानि दिएको छ।भुक्तानि भएको सम्भाब्यता अध्ययनको रिपोर्ट प्राप्त गरि सो को जिन्सि दाखिला प्रमाण पेश हुनु पर्नेमा उक्त प्रमाण पेश भएको छैन प्रमाण पेश हुनु पर्दछ रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,९९९ |

३१ **प्रमाण कागजात पेश** - गत बर्षको भुक्तानि दिन बाकि भनि २०।२०८०।३।३२ बाट रु ९२०४००। खड्का पुर्णा जे भि लाई भुक्तानि दिएको छ।उक्त भुक्तानि रकममा धरौटी रकम रु ४४२५००। मु अ कर रु ३४५१५०। अग्रिम कर रु १३२७५०। रहेको छ।धरौटी रकम सम्बन्धित पार्टिको नाममा कार्यालयको धरौटी खातामा जम्मा भएको मु अ कर र अग्रिम कर रकम सम्बन्धित कर कार्यालय जम्मा हुनु पर्दछ।उक्त रकम जम्मा भएको प्रमाण कागजात पेश हुनु पर्दछ रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२०,४०० |

३२ **समपुरक रकम -** सुदूरपश्चिम प्रदेश सरकार समपुरक अनुदान सम्बन्धि कार्यबिधि २०७९ अनुसार समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनामा ५० प्रतिशत प्रदेस सरकारले र ५० प्रतिशत गाउपालिकाले रकम लगाउनु पर्ने उललेख छ। यस पालिकामा सञ्चालित माथिल्लो हुनि सिचाई कुलो निर्माणका लागि लोकमणि कस्ट्रक्सन एण्ड सप्लायर्स संग मु अ कर सहित रु ३५,५०,४३७ मा सम्पन्न गर्ने मिति २०७९।९।२३ मा संझौता भएको छ। पालिकाले निर्माण ब्याबसायिलाई निम्नानुसार भुक्तानि दिएको छ।कुल भुक्तानि रकमको ५० प्रतिशत पालिकाले लगाउनु पर्नेमा पालिकाले आफ्नो अंश नलगाई प्रदेश सरकारको पुरै लगानि भएको छ ।कुल लगानिको ५० प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा दाखिला हुनु पर्दछ रु

| भौ न मिति | बिल | रकम |
|---|---|---|
| ४।२०७९।१२।२० | फाईनल | २७७५०००। |
| ७।२०८०।१।२६ | फाईनल | ७७२०५८। |
| | जम्मा | ३४४७०५८। |
| | प्रमाण पेश नगरेको | १७,३३,९५९ |

३३ **बिमा नगरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेके लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको

व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| काम | निर्माण ब्याबसायि | संझौता रकम |
|---|---|---|
| माथिल्लो हुनि सिचाई आयोजना | लोकमणि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३५५०४३७। |
| कोल्ड स्टोर निर्माण | दुधेशिला निर्माण सेवा | ३०५४५३४। |
| गोत्रि देखि शिबगुफा जाने बाटो | प्याराडाईज।एस एच।ह्याण्डिक जे भि | २०८६२७८१। |
| | जम्मा | २७४६७७५२। |

---

३४ **निर्देशिकामा उल्लेख नभयको रकम भुक्तानि** - नेपाल सरकार अर्थ मन्त्रालयको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ परिच्छेद ७ मा एकै निकायमा कार्यरत कर्मचारी बैठक बसेमा बैठक भत्ता नदिने उल्लेख छ। पालिकाले बोलपत्र मुल्यांकन समितिको बैठक बसे वापत ६ जना कर्मचारीलाई गा पा चालु खर्च शिर्षकबाट रु १६८००० मा अग्रिम कर रु २५२०० कट्टी गरी रु १४२८०० भुक्तानि दिएको छ। निर्देशिकामा भुक्तानि दिन नमिल्ने भनि उल्लेख भएकोमा भुक्तानि दिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,८०० |

---

३५ **बढि भुक्तानि** - पालिकाले देहायका योजनामा उपभोक्ता समितिलाई दर बिश्लेषणबाट आउने दर भन्दा बढि दरले भुक्तानि दिएको छ। एक्साभेटरको प्रति घण्टाको जिल्ला दर उपलब्ध हुन सकेन। यो पालिका भन्दा अन्य पालिकामा एक्साभेटरको प्रति घण्टाको रु. ७००० मा भाडामा लिएको देखियो। यस पालिकामा पहिरो सफा गर्ने कामको एक्साभेटरको प्रति घण्टाको रु. १०००० भाडा राखि प्रति घ मि को रु. १२७।४० दर कायम गरेको छ। एक्साभेटरको प्रति घण्टाको रु. ७००० मा भाडा राख्दा रु. ९१।४० हुन आउदछ। पालिकाले महङ्गो दरमा भुक्तानि दिएको छ। बढि भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु

| भौ न मिति | योजना | परिमाण | भुक्तानि दर | हुने दर | बढि दर | बढि भुक्तानि |
|---|---|---|---|---|---|---|
| ४।२०७९।७।२५ | लैफु पिलिचौर सडक मर्मत | ४४०१५ घ मि | १०३।१५ | ९१।४० | ११।७५ | ५१७१५६ |
| ३६।२०७९।९।२४ | शेरा काडाकोट सडक मर्मत | १७६९ घ मि | १२७।४० | ९१।४० | ३६ | ६३६८४ |
| | | | | | जम्मा | ५८०८४० |
| | | | | | असुल गर्नुपर्ने | ५,८०,८४० |

---

३६ **अनुत्पादक खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनुत्पादक

कार्यक्रममा खर्च गर्दा सो बाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। यस्ता खर्चलाई नियन्त्रण गर्नुपदर्छ। केही उदाहरण देहाय अनुसार छन्।

| भौ न मिति | कार्यक्रम | रकम |
|---|---|---|
| १८।२०७९।९।११ | लोक दोहरी प्रतिष्ठान | २५०००। |
| १४९।२०७९।१२।१ | श्रृष्टि ऋषि मन्दिर निर्माण | ९५०००। |
| २७५।२०८०।३।३० | जगन्नाथ ठाकुर ज्यु को मन्दिर घेरबार | २८८५००। |
| २७९।२०८०।३।२१ | महादेब पर्यटन स्थल निर्माण | १७५७५०। |
| २८२।२०८०।३।२१ | खोदाई देबस्थल निर्माण | ५९५३००। |
| ३०४।२०८०।३।२४ | शिबनाथ मन्दिर निर्माण | ४७६४०० |
| ३०५।२०८०।३।२४ | लिगलिगे पर्यटन स्थल | ४११३५०। |
| | जम्मा | २०६७३००। |

३७ **हेभी मेशिन प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ४।२०७९।७।२५ | लैफु पिलिचौर सडक मर्मत उ स | सडक मर्मत | एक्साभेटर | ४०८५०००। |
| ३६।२०७९।९।२४ | शेरा काडाकोट सडक मर्मत उ स | सडक मर्मत | एक्साभेटर | ३९४०००। |
| १४१।२०७९।११।३० | पिलिचौर ढाडाकोट सडक मर्मत उ स | सडक मर्मत | एक्साभेटर | ४७५०००। |

| | | | | |
|---|---|---|---|---|
| १६१।२०७९।१२।२७ | तेलि डाडाकोट सडक मर्मत उ स | सडक मर्मत | एक्साभेटर | ५७००००। |
| | | | जम्मा | ५५२४०००। |

३८ **नन्फाईलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट लैफु देखि वार्ड न १ को ओखरखोला सम्म सडक निर्माण कार्य गर्ने निर्माण ब्याबसायि पुर्णा के आर भि (६१९०७४१५९) निम्न भौ न मितिबाट भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.

| भौ न मिति | भुक्तानि रकम | मु अ कर | ३० प्रतिशत कट्टी पछिको मु अ कर | बिजक । मिति | ननफाईलर |
|---|---|---|---|---|---|
| २८५।२०८०।३।२२ | ७८६२२१३। | | | १।२०८०।३।२२ | २०७९ मंसिर देखि |
| ७५।२०८०।३।२२ | ७७०८३२५। | १८२४८७० | १२७७४०९ | २।२०८०।३।२२ | |
| जम्मा यसमा कुल बिल रु १५८६२३८५। रहेकोमा रकम कम भई रु१५५७०५३८। भुक्तानि भएको। | | | | | |
| | | | | प्रमाण पेश नगरेको | १२,७७,४०९ |

३९ **बढि भुक्तानि** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानि दिनु पर्दछ। पालिकाले १०५ बर्ग मिटर जग्गा खरिद वापत रु ९४१९४१। र बिरुवाको क्षतिपुर्ति वापत रु २८०५९ र बाख्राको खोर वापत रु ३०००० गरी १०६।२०७९।१०।९ बाट जमा रु १०००००० चन्द्र बहादुर शाहीलाई भुक्तानि दिएको छ। बिरुवाको संख्या र बाख्राको खोरको साईज उल्लेख गरेको छैन। संख्या र परिमाण उल्लेख नगरि भुक्तानि दिन मिल्ने देखिएन। जग्गा खरिद गरि सके पछि बिरुवा र खोरको क्षतिपुर्ति भनि भुक्तानि लिएको रकम असुल हुनु पर्दछ रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,०८९ |

४० **सोझै खरीद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा दफा ८५ मा रु. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने,१० लाख भन्दा माथी २० लाख सम्म सिलवन्दी दरभाउको माध्यमवाट र सो भन्दा माथी वोलपत्रको माध्यम वाट खरिद गर्नु पर्ने उल्लेख छ। त्यस्तै सोझै खरिद गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा वढीको

खरिद गर्न नहुने एंव एउटा आपूर्ति कर्ता वाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै खरिद गरेको देखियो। यसका केही उदाहरणहरु निम्नानुसार छन ।

| गो भौ न | विवरण | फर्म | भुक्तानि रकम |
|---|---|---|---|
| १५७।०८०।३।१३ | मसलन्द सामाग्रि खरिद | एन एम विसि इलेक्ट्रोनिक्स सेन्टर | ७८७१५८।०० |
| १५९।०८०।३।१३ | मसलन्द सामाग्रि खरिद | जगन्नाथ छापाखाना | २१२८९२।०० |
| ४५।०७९।९।०८ | मसलन्द सामाग्रि खरिद | सिद्धवावा ट्रेड एण्ड जनरल सप्लायर्श | ९७७९७५।०० |
| ७७।०७९।९।२५ | मसलन्द सामाग्रि खरिद | आउटलुक सप्लायर्श | ४०६१२८।०० |
| १४।०७९।९।०८ | मेशिनरी औजार जेनेरेटर खरिद | म एस ट्रेड इन्टरभेन्सन | ९२७९२५।०० |
| १५।०७९।९।८ | प्रिन्टर डेस्कटप खरिद | निशान कम्प्यूटर ट्रेडर्स | ९३४९६२।०० |
| १६।०७९।९।८ | मेशिनरीऔजार, ब्यानर , प्रिन्टर | आउटलुक सप्लायर्श | ४४५०५७।०० |
| | जम्मा | | ४६९२०९७।०० |

४१ **एम. आई. एस. प्रणाली** - सामाजिक सुरक्षा भत्ता कार्यविधि २०७७ बमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित निकायको हुने व्यवस्था छ। यस पालिकामा मृत्यु दर्ता प्रमाणपत्र एवं बसाइसराइ गरेको विवरण समयमा प्राप्त हुने व्यवस्था गर्ने र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक गरी एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावली हटाइएको व्यक्तिको विवरण एम. आई. एस. प्रणालीमा समय समयमा अद्यावधिक गरी केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनु पर्दछ।

४२ **लाभग्राहीको विवरण प्रविष्ट गर्ने** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत बाहेकका नविकरणका लागि लाभग्राही स्वयम् उपस्थित भई नियम निवेदन गरेकोमा वडा समितिबाट नविकरण भई आए

पश्चाल (MIS) मा प्रविष्टी गरी नविकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नविकरण नभएका लाभग्राहीको लागत कट्टा गरी निजको पुन लाभग्राहीमा सुचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीमा असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ ।पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार कार्य गर्नुपर्दछ।

४३ **सार्वजनिक सुनुवाई** - स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानिय तह कार्यालयमा पठाउनुपर्नेमा सो गरेको पाइएन। साथै पालिकाले सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

४४ **अनुगमन** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकोले कार्यविधि अनुसार कार्य भएको छैन।

४५ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी ( लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर प्राप्त हुने बैङ्क र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानिय एफ एम लगायतका संचारका माध्यमहरुबाट प्रचारप्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेका साथै सम्बन्धित स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनी यकिन हुने अवस्था देखिएन ।

४६ **स्वंयम सेवक शिक्षक करारमा नियुक्त** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिँदैन। त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ भने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा अनुमती प्राप्त गरी संचालनमा रहेका र कुनैपनि दरबन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्न अनुदान दिन सकिने व्यवस्था छ। उल्लेखित व्यवस्था विपरित पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विभिन्न विद्यालयको लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरी यस वर्ष रु ७२,७०,०००।०० सम्वन्धित १९ विद्यालयलाई निकासा

दिएको छ। माथि उल्लिखित व्यवस्था विपरित पालिकाले आफ्नो आन्तरिक आयको स्रोत न्युन भएको अवस्थामा करारमा स्वयंसेवक शिक्षक नियुक्ति गरेको कानुन सम्मत देखिँदैन।

---

४७ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक दरवन्दी वमोजिम पदपूर्ति गर्नुपर्दछ ।

| सि नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | श्री सरस्वती मा.वि. ढाँडाकोट | ८ | ८ | १ राहत | ५९० |
| 2 | श्री कैलाश मा.वि. महति | ११ | ११ | ४ (१ राहत ३ करार) | ६५६ |
| 3 | श्री देवलकोट मा.वि. गोत्री | ९ | ९ | ३ राहत | ५७९ |
| 4 | श्री महादेव आ.वि. मनिकाँडा | ५ | ५ | ३ राहत | २२१ |
| 5 | श्री बालविकास आ.वि. तल्लोहुनी | ४ | ४ | १ राहत | २२४ |
| 6 | श्री मालिका आ.वि. नाराकोट | ३ | ३ | ३ राहत | ३२५ |
| 7 | श्री भवानी आ.वि. पैंगाउ | ३ | २ | १ | ६९ |
| 8 | श्री धलपुरा आ.वि. लुमा | २ | १ | १ | ९२ |
| 9 | श्री विरुवा आ.वि. मल्लोहुनी | २ | २ | ० | १३१ |
| 10 | श्री बालकल्याण आ.वि. थारिकाँडा | ३ | २ | १ | १२८ |
| 11 | श्री घटालमष्टा आ.वि. दर्जिटोल | ० | ० | ० | ९५ |
| 12 | श्री बालसुधार आ.वि. तलकोट | ३ | २ | १ | ५५ |
| 13 | श्री जनउत्थान आ.वि. लाँया | ० | ० | ० | ११ |
| 14 | श्री दुधेसिल्ला आ.वि. तालिखेत | २ | ० | २ राहत | ११६ |
| 15 | श्री पशुपति आ.वि. डाग्रीबाँडा | ० | ० | ० | ८० |
| 16 | श्री सरस्वति आ.वि. कोटगोत्री | ३ | ३ | ० | १३५ |
| 17 | श्री खिरारुख आ.वि. मल्लोकाप्री | २ | २ | ० | १४६ |

| | | | | | |
|---|---|---|---|---|---|
| 18 | श्री शम्भुनाथ आ.वि. मल्लोकाप्री | २ | १ | १ करार | ७६ |
| 19 | श्री बौदिक सनातन गुरुकुल विद्यापिठ | ० | ० | ० | ३२ |

४८ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । नमूना छनौटको रुपमा केहि भौचरको छनौट गर्दा देहायको कृषक समूहलाइ अनुदान वितरण गरेको पाइयो ।

| समूह | कार्यक्रम | भुक्तानि |
|---|---|---|
| १ धलपरा मोडेल कृषक समूह, २ समाज कल्याण कृषक समूह , ३ सूर्य मुखी कृषक समूह , ४ सम्भुनाथ कृषक समूह | नँया दलहन पकेट स्थापना कार्यक्रम | २७८५२६।०० |
| २सुन्तला घरवारी कृषक समूह | निरन्तर फलफूल पकेट स्थापना | २३९९६७।०० |

४९ **परामर्श तथा डि पि आर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार मनिकाडा देखी वडीमालिका सम्म सडक डि पि आरको लागी वुढीनन्दा इन्जिनियर तथा कन्सट्रक्शन वाट कार्य गराइ रु १९९९०००।०० भुक्तानि दिएको छ ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

५० **फोहोरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५१ **आन्तरिक लेखापरीक्षण वाट देखिएको व्यहोरा**

५१.१ आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। स्वास्थ्य संयोजक फुलमाया उपाध्यायले लिएको भुक्तानी रकममा WORLD WIDE EXPRESS COURIES SERVICE को विल नं ८५५० मिति २०७९।१२।१० को फोटोकपी विल पेश गरी भुक्तानी गरिएकोले सक्कल विलको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गरि दाखिला गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५०० |

५१.२ आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। अर्थमन्त्रालयबाट प्रकाशित कार्यसञ्चालन निर्देशिका, २०७५ को खर्चको मापदण्ड ७.१.१.(६) अनुसार बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्ति राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जना सम्म आमन्त्रित सदस्यलाई भत्तादिन व्यवस्था भएकोमा पालिकाले मेडिकल अधिकृत र स्टाफ नर्स नियुक्ति गर्दा एकै दिन परिक्षा गरि माईन्युट अनुसार ५ बैठकको भुक्तानी हुनुपर्नेमा १० बैठकको भुक्तानी सोनम गुरुङ लाइ रकम भुक्तानी गरेकोले नियम र कानुनले नमिल्ने उक्त भुक्तानी असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३७५ |

५१.३ आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। पालिकाले श्री शिवनाथ मन्दिर निर्माण उ. स. लाई प्राविधिकको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख गरिएको रकम रु.४,६७,४०० भुक्तानी गर्नुपर्नेमा भुक्तानी भौचर अनुसार रु.४,७६,४०० भुक्तानी गरेकोले बढी भुक्तानी गरिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००० |

५१.४ भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालय कर्मचारी, कार्यालयको कामकाजमा खटिएमा नियमानुसार ६.२५ दिनको दै. भ्र. भ. भुक्तानी गर्न सकिने व्यवस्था छ। कृषि अधिकृत बखत बहादुर कार्कीले मिति २०८०।०१।१३ देखि ०१।२४ सम्म १२ दिनको दै. भ्र. भ. लिएको देखिएकोले एक तह माथिको स्विकृति नलिई भुक्तानी लिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,४८० |

५१.५ आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत PNC HOME VISIT निर्देशिका अनुसार HOME VISIT बापत २००-५०० सम्म मापदण्ड निर्धारण गरी भुक्तानी गर्न सकिने उल्लेख गरिएकोमा पालिकाले कोष निर्धारणको मापदण्ड नबनाई १९०-०३।२० मा, श्री सरस्वती रावल लाई रु. ४२,६००,२०६।०३।२३ मा, सुनिता शाहीलाई रु.२३,४०० र २१७-०३।२४ मा, गंगा गिरीलाई रु. ८,२०० वितरण गरेकोले अनियमित देखिएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | ७४,२०० |

५१.६ आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ। चन्द्र बहादुर विष्टले भुक्तानी लिएको रकममा अपाङ्गता परिचयपत्र वितरण समिति बैठकभत्ता वापतको रकम रु.१९,००० को पारिश्रमिक रकम रु.२,८५० कट्टी गरि दाखिला नगरेकोले निजबाट असुल गरी दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८५० |

५१.७ आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। MIS OPERATOR चन्द्र बहादुर विष्टले लिएको पेश्की रकम मध्य कार्यक्रम संचालन फोटोहरु नभएको, सामाग्री बुझाइएको भर्पाई पेश नभएको, साथै २०८०।०३।२० को मितिमा एउटै पसल बाट रु.१,१०,६०० को सामाग्री खरिद गरेकोमा सो रकमको अग्रिम कर रु.१,६५९ असुल गरि दाखिला गर्नुपर्ने रकम रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५९ |

५२ **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ ।

| क्र. सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ३१ |
| | रु. १ लाख देखि २ लाख सम्मका योजना | १९ |
| २ | रु २ देखि पाँच लाख सम्मका योजना | ४७ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १८ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १० |
| | जम्मा | १२५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४०००००।०० | ४४२०४९।२० | ११० |
| सिफारिस दस्तुर | ९०००००।०० | १३३५७०१।६१ | १४८.४२ |
| अन्य मनोरञ्जन कर | १०००००।०० | ० | ० |
| वहाल विरौटी शुल्क | २०००००।०० | १२२१८।६६ | ६.११ |
| अन्य कर | ३०००० | ४१४८९१।०० | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३० योजना सञ्चालन गरी यस वर्ष २७४ जनालाई औसत १०० दिनले १७२०० दिन रोजगारी उपलव्ध गराई रु ९९५७८६६।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५५ **आन्तरिक आय** - यस प्रयोजनमा लागु नहुनेस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदाबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २६६४०५५६७।०५ | ७१७१८५०।०० | २.७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५६ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५७ **औषधि खरिद** - पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न बजेट उप शिर्षकबाट विभिन्न फर्मसँग रु ९७८८८५।०० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| गो. भौ . नं ./ मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|
| २४।०७९।९।०८ | शालिग्राम फार्मेसी | ४९१७५५।०० |
| २५।०७९।९।०८ | पुरस्कार मेडीसेल्स | ४८७१३०।०० |
| जम्मा | | ९७८८८५।०० |

५८ **प्राविधिक विल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र

तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

## अनुगमन लेखापरीक्षण

५९ सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु १७ करोड १८ लाख ८५ हजार मध्ये रु ९१ लाख ९ हजार ९८२ रुपैया फस्यौंट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण भइ लगत कट्टा भएको जानकारी गराइन्छ ।

| दफा | बेरुजुको व्यहोरा | रकम | सम्परीक्षणको व्यहोरा | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| ७४.२ | (कैलाश मा. वि.को रु. ३४,९१,४४९, बालविकास आ. वि. को रु. १७,४५,७२५, मालिका आ. वि. को रु. १७,४५,७२५) विद्यालय निर्माण कार्यको विल भरपारइ र प्राविधिक मूल्यांकन पेश हुनुपर्ने | ६९,८२,८९९ | विल भरपाई र प्राविधिक मुल्यांकन पेश | ६९,८२,८९९ | २०७८।७९ |
| ३७ | सरिता विष्ट र दान बहादुर विष्टको लुगा भत्ता दोहोरो निकासा | २०,००० | असुल भई भौचर पेश | २०,००० | २०७८।७९ |
| ४१ | घटाल मष्टा आ. वि. लाई निकासा दिएको रकम प्रयोजन नखुलेको | १,२०,००० | आवश्यक प्रमाण पेश | १,२०,००० | २०७८।७९ |
| ६.२ | कर्मचारी प्रोत्साहन भत्ता अनियमित देखिएको | ३,८१,०६६ | सभाबाट नियमित भई आएको प्रमाण पेश | ३,८१,०६६ | २०७८।७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | सम्बन्धित शिर्षकबाट खर्च नलेखी फरक शिर्षकबाट खर्च लेखेको | १३,२७,३६६ | | १३,२७,३६६ | २०७८।७९ |
| ९६ | बैठक भत्ता बढी भुक्तानी | १६,१५० | असुल भई भौचर पेश | १६,१५० | २०७८।७९ |
| १०१ | लक्ष्मण जोशी दोहोरो भत्ता भुक्तानी | ५,९५० | असुल भई भौचर पेश | ५,९५० | २०७८।७९ |
| १०६ | विल सच्चाई बढी भुक्तानी | २,००० | असुल भई भौचर पेश | २,००० | २०७८।७९ |
| २९ | विल भरपाई भन्दा बढी भुक्तानी | १०,३७५ | असुल भई दाखिला भौचर पेश | १०,३७५ | |
| २९ | कोटेशन भई सोझै खरिद गरेको | २,४४,१७६ | नियमित भई प्रमाण पेश | २,४४,१७६ | २०७६।७७ |
| जम्मा रकम | | | | ९१,०९,९८२ | |

## अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : जगन्नाथ गाउँपालिका, बाजुरा , जगन्नाथ गाउँपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rabindra Bahadur Shahi | २०७८-९-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dilip Kumar Shahi | २०७९-५-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५३३,३७१ | ६,६२२,२२७ | ५,२०७,१०५ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | १३,३६२,७०३ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | २७०,००० |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | १३,०९२,७०३ |

स्थानीय तह-

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९४९०२८८.४४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २१२५२८८२८.२ | चालु खर्च | १९९८८७५००.९२ |
| प्रदेश सरकारबाट अनुदान | ९२०८६५८.० | पूँजीगत खर्च | १९०६६१२५२ |
| राजश्व बाँडफाँट | ५९४२३१४९.३३ | वित्तीय/अन्य व्यवस्था | ४८१३०३६.७५ |
| आन्तरिक आय | १३३५७०१.६१ | | |
| अन्य आय | १२६९०५४५६.५२ | | |
| कुल आय | ४०९४०१७९३.६६ | कुल खर्च | ३९५३६१७८९.६७ |
| बाँकी मौज्दात | | २३५३०२९२.४३ | |